नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

## झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व चुहावट गरेको कसुरमा तपसलिमा उल्लेखित फर्महरुका संचालक, प्रोप्राईटर तथा मुख्य अभियुक्तहरुबाट २३ करोड २२ लाख करोड विगो असुल उपर गरी जरिवाना र कैद सजाय समेत हुन मागदावी लिई उच्च अदालत पाटनमा २ (दुई) वटा मुद्दा दर्ता गरिएको।

**१. झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने ललितपुर, महालक्ष्मी नगरपालिका -१ स्थित मनिष ट्रेडिङ्ग कन्सर्न (स्थायी लेखा नं. ३०३६६४०६४) का मुख्य कारोवारी किशोरी यादव समेत ३ जनाबाट रु. १३,२५,८८,२६३।- (अक्षरेपी तेह्र करोड पच्चिस लाख अठ्ठासी हजार दुई सय त्रीसट्ठी मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-०६-२१ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**मनिष ट्रेडिङ्ग कन्सर्न (स्थायी लेखा नं. ३०३६६४०६४)** निम्न आर्थिक अवस्था भएका व्यक्तिको नाममा फर्म दर्ता गरि वस्तु तथा सेवा एउटा आयात तथा खरिद देखाइ अर्कै मालवस्तुको झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र विक्री गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीहरु ललितपुर, महालक्ष्मी न.पा -१ वस्ने मुख्य कारोवारी किशोरी यादव तथा का.म.न.पा. वाफल -१४ वस्ने बैंक खाता संचालक लिहला अग्रवालले मिर्चैया न.पा., सिराहा -११ वस्ने मागैन यादवको नाममा फर्म दर्ता गरी उक्त फर्मबाट कपडा, कुर्थासरवाल, रेडिमेड सामान आयात गरेको देखाई फलामे डण्डी, सिमेन्ट, फोटोकपी पेपर, टोनर, पाइप फिटिङ्ग जस्ता मालवस्तुको विक्री विजक वनाई विजक मात्र विक्री गरि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी मु.अ.कर तर्फ रु. ३,८७,७१,२०२। र आयकर तर्फ रु. ९,३८,१७,०६१।- राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम **कूल जम्मा विगो रु. रु.**

**१३,२५,८८,२६३।- (अक्षरेपी तेह्र करोड पच्चिस लाख अठ्ठासी हजार दुई सय त्रीसठ्ठी मात्र)** राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले **मनिष ट्रेडिङ्ग कन्सर्नका** मुख्य कारोवारी किशोरी यादव समेत ३ जनालाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु. १३,२५,८८,२६३।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-०६-२२ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको ।

२. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने बारा जिल्ला रामपुर टोकनी -३ स्थित साहारा एण्ड खातुन ट्रेडर्स (स्थायी लेखा नम्वर ६००५१८६८२) का प्रोप्राईटर कविरन खातुनबाट रु.९,९६,५४,७६१।-(अक्षेरुपी नौ करोड छयानब्बे लाख चौवन्न हजार सात सय एकसठ्ठी रुपैया मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७७-०६-१९ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको।**

**साहारा एण्ड खातुन ट्रेडर्स (स्थायी लेखा नम्वर ६००५१८६८२)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुट्टा तथा नक्कली मु.अ. कर विजक मात्र विक्री गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी साहारा एण्ड खातुन ट्रेडर्सले मु.अ.कर तर्फ रु. ३,२२,८२,५७६।- र आयकर तर्फ रु. ६,७३,७२,१८५।- राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम **कूल जम्मा विगो रु.९,९६,५४,७६१।- (अक्षेरुपी नौ करोड छयानब्बे लाख चौवन्न हजार सात सय एकसठ्ठी रुपैया मात्र)** राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले उक्त ट्रेडर्सका प्रोप्राईटर कविरन खातुनलाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु. ९,९६,५४,७६१।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-०६-१९ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**